# च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/ समूह/सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**<u>प्रस्तावनाः</u>** खान योग्य मध्ये पनि एकदम कम जातका च्याउको मात्र व्यावसायिक रुपमा उत्पादन गारिदैं आएको पाइन्छ साथै च्याउको खेतिका लागि प्रदेश नं. ५ मा उपयुक्त हावापानी, तापक्रम र जनशक्तिको सहज उपलब्धता रहेको हुँदा प्रचुर सम्भावना रहेको सन्दर्भमा यसको राम्रो उत्पादनका लागि गुणस्तरीय कम्पोष्ट मलको आवश्यकता हुन्छ भने प्रदेश सरकार, प्रदेश नं ५ को नीति तथा कार्यक्रमको बुँदा नं. ५३ मा समेत च्याउ खेतिलाई प्रवर्द्धन गरिने उल्लेख भएको हुनाले सो जिम्मेवारी बहन गर्नका निम्ति तथा च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले "च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/ समूह/सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरी लागू गरेको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यक्रम" भन्नाले च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रम सम्झनुपर्छ ।

(ख) "च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान सहयोग पाउनको लागि न्युनतम योग्यता" भन्नाले यसै कार्यविधिको अनुसूची-२ बमोजिम कार्यक्रममा सहभागिताका लागि आवश्यक न्यूनतम मापदण्ड सम्झनुपर्छ ।

(ग) "व्यक्ति" भन्नाले कृषि ब्यबसाय संचालन गरि विधिवत दर्ता भएका उद्यमी सम्झनुपर्दछ ।

(घ) “मन्त्रालय” भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ङ) “निर्देशनालय” भन्नाले मन्त्रालय अर्न्तगतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।

(च) “कार्यालय” भन्नाले कृषि विकास निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्र सम्झनुपर्छ।

(छ) “समिति” भन्नाले यस कार्यक्रम सञ्चालानार्थ निर्देशनालयमा गठित कार्यक्रम कार्यान्वयन प्राविधिक समिति सम्झनुपर्छ।

**३. उद्देश्यहरुः** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

(क) च्याउको बीउ उत्पादन गर्ने कृषकहरुद्वारा स्थानिय स्तरमै गुणस्तरीय च्याउको बीउ उपलब्ध गराई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ख) च्याउको बीउ उत्पादनमा प्रोत्साहन गर्ने।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन

**४. कार्यक्रम सञ्चालन प्रकृयाः** (१) च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रम संचालन गर्ने कृषक/कृषि समूह/कृषि सहकारी छनौट बिधि देहायबमोजिम हुनेछ।

(क) च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रम संचालनका लागि कृषक/कृषि समूह/कृषि सहकारी/निजी फर्महरुलाई सहभागी हुनका लागि कृषि विकास निर्देशनालयले अनुसूची १ बमोजिम उपयुक्त संचार माध्यमबाट ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ ।

(ख) अनुदान माग गर्ने कृषक/कृषि समूह/कृषि सहकारीले अनुसूची २ मा माग बमोजिम बिवरणहरु भरेर र अनुसूची ३ बमोजिमको प्रस्तावना तोकिएको म्याद भित्र कृषि विकास निर्देशनालय वा मातहतका कार्यालयहरुमा पेश गर्नुपर्नेछ। आवेदनसगैं अनुसूची ५ बमोजिमको स्थानीय तहको सिफारीस पत्र र अनुसूची ६ बमोजिमको ज्ञान केन्द्रको सिफारीस पत्र संलग्न गर्नुपर्नेछ।

(२) यो कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, कृषि विकास निर्देशनालय | संयोजक |
| (ख) | प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (ग) | लेखा प्रमुख वा प्रतिनिधी, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | प्राविधिक अधिकृत, (प्रमुखले तोकेको) | सदस्य |
| (ङ) | वरिष्ठ वाली संरक्षण अधिकृत | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) नियमानुसार दर्ता हुन आएका प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अनुसूची ४ बमोजिम अगाडी बढाईनेछ ।

(४) कार्यक्रम कार्यान्वयन समितिले अनुसूची ४ बमोजिम मूल्याङ्कन प्रक्रियामा उपयुक्त देखिएका सम्भाव्य प्रस्तावहरु रुजु गर्न स्थलगत निरिक्षण गर्नेछ।

(५) प्रस्ताव छनौट अनुसूची ४ बमोजिमको मूल्याङ्कनको अंक भार तथा स्थलगत निरिक्षण प्रतिवेदनको आधारमा गरिनेछ र अनुसूची ७ बमोजिम सम्झौता गरिनेछ।

(६) च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई निम्न अनुसार यन्त्र तथा सामाग्रीमा अनुदान उपलब्ध हुने छ ।

१. लेमिनार फ्लो (clean bench hood)

२. अटोक्लेभ

३. इन्कुभेसन र्याक ,इन्कुवेटर
४. मेडिया (Media)
५. केमिकल
६. strain/spawn source
७. ल्याब निर्माण गर्ने आवश्यक सामग्रीहरु (घर तथा जग्गा बाहेक)

## परिच्छेद ३

## अनुदान प्रवाह विधि

५. **<u>अनुदान उपलब्ध गराउने र खर्च गर्ने विधिः</u>** (१) कार्यक्रमका लागि अनुदान वितरण गर्ने कार्यका लागि सम्झौता बमोजिम निर्देशनालय वा केन्द्रबाट अनुदानको रकम उपलब्ध गराइनेछ। अनुदान स्वीकृत कार्यक्रम तथा बजेटको सिमा भित्र रही प्रदान गरिनेछ।

(२) कार्यक्रम सञ्चालनका लागि कुल प्रस्तावमा पेश भएको ईष्टिमेटको अधिकतम ७५ प्रतिशतसम्म वा विनियोजित रकममध्ये जुन कम हुन आउछ सोही बराबर अनुदान उपलब्ध गराईनेछ।

(३) स्वीकृत अनुदान रकममा सुचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी अधिकतम ५ प्रतिशत कन्टीन्जेन्सी रकम र प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गरिनेछ।

(४) प्रस्तावकले अनुदान रकमको भुक्तानी प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरु सञ्चालन गर्दा भएको खर्चको बील, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ। रकम भुक्तानी गर्दा प्राविधिक तथा मूल्याङ्कन समितिको मूल्यांकन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट कार्यक्रम सम्पन्न भएपछि सम्झौता बमोजिमको रकम उपलब्ध गराइनेछ।

(५) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित निर्देशनालय, केन्द्रले राख्नु पर्नेछ र सो को प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ।

## परिच्छेद ४

## <u>विविध</u>

६. **<u>कार्यक्रम व्यवस्थापन ,अनुगमन तथा निरिक्षणको व्यवस्थाः</u>** अनुदानमा च्याउको बीउ उत्पादन कार्यक्रमको अनुदान कार्यक्रमको प्रगती विवरण अनुसुचि ८ बमोजिमको ढाँचामा पठाउनुपर्नेछ र

अनुगमन तथा निरिक्षण कृषि विकास निर्देशनालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका कार्यलयबाट हुनेछ।

७. **<u>कारवाहीको व्यवस्था:</u>** कार्यक्रम स्वीकृत भएका कृषकहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरे वा प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारको प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

८. **<u>प्रचलित कानूनबमोजिम हुने:</u>** च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा प्रचलित कानूनबमोजिम कार्यान्वयन हुनेछ ।

९. **<u>कार्यविधि संशोधन तथा परिमार्जन:</u>** (१) प्रदेश सरकार प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा कृषि सहकारी मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा व्याख्या अपूर्ण तथा अष्पष्ट भएमा वा कार्यविधिको कार्यान्वयनमा व्यवधान भएमा प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

(३) यो कार्यविधि स्वीकृत हुनुभन्दा अगाडी यस मन्त्रालय(मा. मन्त्रीस्तर)बाट निर्णय भै कार्यान्वयन भएका च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रम सम्बन्धी कृयाकलापहरु यसै कार्यविधिबमोजिम हुनेछन्।

## अनुसूची १
**(दफा ४ को उपदफा १(क)सँग सम्बन्धित)**

**च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारी लाई अनुदान कार्यक्रम प्रस्ताव**

**आह्वानको सूचनाको ढाँचा**

**सूचना !सूचना !! सूचना !!!**

प्रथम पटक प्रकाशन मिति ....................................

यस कार्यालयको आ.व.२०......./............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार च्याउ बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारी लाई अनुदान सहयोग कार्यक्रमको माध्यम बाट कृषि विकाको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक नेपाली नागरिकहरु बाट दरखास्त आहवानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र सम्बन्धित कृषि विकास निर्देशनालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुहोला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु सम्लग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपशिल**

१.अनुसूची २ अनुसारको आवेदन फारम

२.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४.फार्म, कम्पनी, कृषक समूह वा सहकारीको दर्ता प्रमाणपत्रको छाँयाप्रती (नियमानुसार नविकरण समेत भएको हुनुपर्ने)

५.फार्म, कम्पनी, वा सहकारीको गत आ.व सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

नियमानुसार कर चुक्ताको लागि म्यादथप भएकोमा सो को प्रतिलिपी, अडिट रिपोर्ट, कर दाखिला गरेको रसिद वा अन्य रसिद मान्य हुने छैन ।

६. गत आ.व सम्म दर्ता भएका फार्म, कम्पनी, कृषक समूह वा सहकारी प्रस्तावना पेश गर्न योग्य हुनेछन्।

७. कार्यक्रम संचालनका लागि फार्म कम्पनी कृषक समूह तथा सहकारीको जिम्मेवार व्यक्ति तोकिएको निर्णयको छायाप्रती र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।

८. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपीहरु।

९. अनुसूची-५ बमोजिमको स्थानिय तहको सडक, विजुली, पानीको सुविधा भएको सिफारिस पत्र।
१०. अनुसूची-६ बमोजिमको ज्ञान केन्द्रले प्राविधिक रुपले उपयुक्त रहेको सिफारिस पत्र ।

## अनुसूची — २

### (दफा ४ को उपदफा १(ख)सँग सम्बन्धित)

### च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/कृषक समूह/कृषि सहकारीलाई अनुदान कार्यक्रमको सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुख ज्यू,

कृषि विकास निर्देशनालय,

..................... ।

**विषयः च्याउको बीउ उत्पादन गर्ने अनुदान सहयोग कार्यक्रम सम्बन्धमा ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरि .......................... कार्य गर्न ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु ।मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिलः

१.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३.फर्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक

४.अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु र

५.बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि ।

६.समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।

८.अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपीहरु।

९.अनुसूची-५ बमोजिमको स्थानिय तहको सडक, विजुली, पानीको सुविधा भएको सिफारिस पत्र।

१०.अनुसूची-६ बमोजिमको ज्ञान केन्द्रले प्राविधिक रुपले उपयुक्त रहेको सिफारिस पत्र ।

निवेदकको नामः दस्तखत

ठेगानाः

**अनुसूची ३**

**(दफा ४ को उपदफा १(ग)सँग सम्बन्धित)**

**च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारी लाई अनुदान कार्यक्रमको अवधारणाको संक्षिप्त कार्ययोजना**

आवेदकको नाम : ...................................................................

आवेदकको किसिमः (कृषक/निजी फर्म/कृषि समूह/सहकारी/उद्यमी)

सदस्य संख्याः............

ठेगाना : गाउँ/टोल :................ वार्ड न. ..... गा.पा./न.पा. ...................

जिल्लाः ................................ प्रदेश नं...........

संस्था दर्ताको मितिः ............................ दर्ता गरेको कार्यालयः.....................

च्याउको बीउ उत्पादन व्यवसाय शुरु गरेको मिति................................ र स्थानः............................

व्यवसाय सञ्चालन गरेको क्षेत्रफल (कठ्ठा/रोपनी/हेक्टर)...........................

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ...........................

| क्र.सं. | विवरणहरु | वर्तमान अवस्था |
|---|---|---|
| १ | **च्याउको बीउ उत्पादन व्यवसायमा संलग्न भएको भए व्यवसायको किसिम र वार्षिक परिमाण**<br>• च्याउको बीउ उत्पादन के.जी.<br>• वजारीकरणमा टेवा (प्याकेजिङ्ग,लेवलिङ्ग,आदि) | |
| २ | **प्राविधिक ज्ञान, अनुभव र क्षमता**<br>• निजी फर्म/कृषक समूह/सहकारीको प्रमुखको शैक्षिक योग्यताको प्रमाण-पत्रको छाँयाप्रति समेत संलग्न गर्ने<br>• निजी फर्म/कृषक समूह/सहकारीमा च्याउको बीउ उत्पादन सम्बन्धी तालिम प्राप्त जनशक्ति भए नभएको(तालिमको प्रमाण पत्रको प्रतिलिपी)<br>• निजी फर्म/कृषक समूह/सहकारी विगतमा च्याउको बीउ उत्पादनमा संलग्न भएको वा नभएको (भए कति वर्ष) | |

| | | |
|---|---|---|
| ३ | **अनुदान माग गरेको क्रियाकलाप र रकम**<br>• च्याउको बीउ उत्पादन गर्न प्रयोग हुने यन्त्र<br>८. लेमिनार फ्लो (clean bench hood)<br>९. अटोक्लेभ<br>१०. इन्कुभेसन रयाक ,इन्कुवेटर<br>११. मेडिया (Media)<br>१२. केमिकल<br>१३. strain/spawn source<br>१४. ल्याब निर्माण गर्ने आवश्यक सामाग्रीहरु )घर बाहेक( | |
| ४ | **व्यवसाय संग सम्बन्धित भौतिक संरचना (सडक, विजुली, पानी) को व्यवस्था भएको**<br>• आयोजना स्थल सम्म मोटर बाटो पुगेको भए बाटोको किसिम (कच्ची, पक्की, सिजनल)<br>• आयोजना स्थलमा प्रशोधनको लागि विजुलीको निरन्तर उपलब्धता<br>• सफा र स्वच्छ पानीको श्रोतको उपलब्धता | |
| ५ | **परियोजना लगानीमा साझेदारी (ने.रु.)**<br>• कृषि विकास निर्देशनालयको तर्फबट<br>• (कृषक/निजी फर्म/कृषि समूह/सहकारी/उद्यमी)को तर्फबाट | |
| ६ | **लगानीको श्रोतको आधारको प्रमाण**<br>• निजी फर्म/कृषक समूह/सहकारी तर्फको लागानी बैंकबाट ऋण लिई गर्ने भए बैंकको पत्र संलग्न भएको (ऋण स्विकृतिको प्रमाण पत्रको प्रतिलिपी)<br>• निजी फर्म/कृषक समूह/सहकारीको स्व-आम्दानी बाट लगानी गर्ने भए कार्ययोजनानुसार अनुदान ग्राहीको लगानी सुनिश्चित हुने प्रयाप्त प्रमाण संलग्न भएको (बैंक खाताको स्टेटमेन्ट)<br>• बैंक बाट ऋण लिई तथा निजी फर्म/कृषक समूह/सहकारीको स्व-आम्दानी दुबै श्रोतबाट लगानी गर्ने भए बैंकको पत्र तथा अनुदान ग्राहीको लगानी सुनिश्चित हुने प्रयाप्त प्रमाण संलग्न भएको ( ऋण स्विकृतिको प्रमाण पत्रको प्रतिलिपी र बैंक खाताको स्टेटमेन्ट) | |
| ७ | **व्यवसायबाट लाभान्वित कृषक / स्थानिय संख्या** (पुष्ट्याई सहित)<br>**रोजगारी श्रृजना**<br>• **पूर्ण रोजगारी संख्या (Full Time Job)** | |

| | | |
|---|---|---|
| | • **अर्ध रोजगारी संख्या (Part Time Job)** | |
| ८ | **व्यावसायीक योजना**<br>• अनुदान माग गरिएका कृयाकलापहरुको औचित्यताको पुष्ट्याई सहित पेश गर्नु पर्नेछ<br>• प्रस्तावित कार्ययोजना,माथि उल्लेखित विवरण अनुसार पेश भएको (अनुदान माग)<br>• अनुदानको माग गरिएका कृयाकलापहरु सम्पन्न गर्न श्रोत केन्द्रको विवरण | |
| ९ | **प्रस्तावको दीगोपन**<br>• आगामी ३ वर्षमा व्यवसायको विस्तार योजना (जिल्ला, विस्तार भएको %)<br>• विस्तारको योजना पेश गर्दा पुष्टयाई सहित पेश गर्नुपर्ने ।<br>• योजना विस्तारको लागि आर्थिक श्रोत । | |
| १० | **बहुपक्षीय लगानीमा सम्पन्न हुने कार्यक्रमको हकमा लगानी गर्ने निकायहरु/कार्ययोजना र लगानी गर्ने रकम सम्बन्धि विवरण** | |

**नोटः प्रस्तावित आयोजना स्थल सम्म पुग्नको लागि नजिकको चिर परिचित ठाँउ सम्मको नक्सा समावेश गर्नुहोला**

सही गर्नेको नामः संस्थाको छापः

पदः

दस्तखतः मितिः

### अनुसूची — ४
### (दफा ४ को उपदफा ४सँग सम्बन्धित)
### च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारीलाई अनुदान कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं | मूल्याङ्कनका आधार | जम्मा अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | **निजी फर्म/कृषक समूह/सहकारीको व्यवसाय शुरु गरेको मिति** | १० | | |
| | **५ वर्ष भन्दा पुरानो** | १० | | |
| | **४ वर्ष पुरानो** | ९ | | |
| | **१ वर्ष पुरानो** | ८ | | |
| २ | **च्याउको बीउ उत्पादन व्यवसायको हालको क्षेत्रफल (भाडामा लिईएका जग्गाहरुको सम्झौता पत्र र लाल पुर्जा भए मान्य हुने)** | १० | | |
| | तराईको हकमा ०.५ विघा, पहाडको हकमा २ रोपनी भन्दा बढी | १० | | |
| | सो भन्दा कम क्षेत्रफल | ५ | | |
| ३ | **व्यवसायको विस्तारको सम्भावना** | १० | | |
| | वार्षिक ४०% | १० | | |
| | वार्षिक ३०% | ९ | | |
| | वार्षिक २०% | ८ | | |
| ४ | **प्राविधिक ज्ञान, अनुभव र क्षमता** | १० | | |
| | निजी फर्म/कृषक समूह/सहकारीको प्रमुखको अध्ययन कक्षा १० भन्दा माथि तथा च्याउ बीउ उत्पादन सम्बन्धी तालिम भएमा | १० | | |
| | निजी फर्म/कृषक समूह/सहकारीको प्रमुखको अध्ययन कक्षा १० भन्दा माथि तर च्याउ बीउ उत्पादन सम्बन्धी तालिम नभएमा | ९ | | |
| | निजी फर्म/कृषक समूह/सहकारीको प्रमुखको अध्ययन कक्षा १० भन्दा कम तर च्याउ बीउ उत्पादन सम्बन्धी तालिम भएमा | ९ | | |
| | निजी फर्म/कृषक समूह/सहकारीको प्रमुखको अध्ययन कक्षा १० भन्दा कम तथा च्याउ बीउ उत्पादन सम्बन्धी तालिम नभएमा | ८ | | |
| ५ | **आयोजना लगानीमा साझेदारी (कार्यक्रमको कुल लगानीको २५%** | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | **आवेदकले व्योहोर्ने र ७५% संस्थाले व्योहोर्ने)** | | | |
| | **आयोजना लगानीमा साझेदारी च्याउ बीउ उत्पादन गर्ने व्यक्ति/समूह/सहकारी लाई सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५मा व्यवस्था भएझैं भएमा** | १० | | |
| | **आयोजना लगानीमा साझेदारी कार्यक्रम  च्याउको बीउ उत्पादनमा प्रयोग हुने यन्त्रमा सहयोग कार्यान्वयन कार्यविधि २०७५मा व्यवस्था भएझैं नभएमा** | ० | | |
| ६ | **रोजगारी श्रृजनाको अवस्था** | १० | | |
| | ५ जना भन्दा बढी | १० | | |
| | ५ जना सम्म | ५ | | |
| ७ | **अनुदान माग गरेका कृयाकलापको श्रोतको विवरण** | १० | | |
| | आवश्यक श्रोत केन्द्रको उपलब्धता खुलाएको | १० | | |
| | आवश्यक श्रोत केन्द्रको आंशिक रुपमा उपलब्धता खुलाएको | ५ | | |
| ८ | **व्यवसायसंग सम्बन्धित भौतिक संरचना (सडक, विजुली, पानी) को व्यवस्था भएको** | १० | | |
| | आयोजना स्थल सम्म मोटर बाटो पुगेको, विजुली, पानी | १० | | |
| | माथी उल्लेखित कुनै एक (१) संरचना नभएमा | ९ | | |
| | माथी उल्लेखित कुनै दुई (२) संरचना नभएमा | ८ | | |
| | माथी उल्लेखित कुनै पनि संरचना नभएमा | ७ | | |
| ९ | **लगानीको सुनिश्चितता** | १० | | |
| | निजी फर्म/कृषक समूह/सहकारीको बैंकबाट ऋण लिएर लगानी गर्ने भए कार्ययोजना अनुसार अनुदान ग्राहीको लगानी सुनिश्चितता हुने प्रयाप्त प्रमाण संलग्न भएको | ८ | | |
| | बैंक बाट ऋण लिई तथा निजी फर्म/कृषक समूह/सहकारीको स्व-आम्दानी दुवै श्रोतबाट लगानी गर्ने भए बैंकको पत्र तथा अनुदान ग्राहीको लगानी सुनिश्चितता हुने प्रयाप्त प्रमाण संलग्न | ९ | | |

| | | | | |
|---|---|---|---|---|
| | भएको | | | |
| | निजी फर्म/कृषक समूह/सहकारीको स्व-आम्दानी बाट लगानी गर्ने भए बैंकको पत्र संलग्न भएको | १० | | |
| **१०** | **च्याउको बीउ उत्पादन व्यवसायमा संलग्न भएको व्यवसायको किसिम** | **१०** | | |
| | च्याउको बीउ उत्पादनको व्यवसायको मूल्य श्रङ्खला (उत्पादन, प्रशोधन तथा वजारीकरणमा) का सबै श्रङ्खला धेरै परिमाणमा सम्पन्न गर्नेलाई पूर्ण अंक दिने | १० | | |
| | त्यस पछि कम गर्नेलाई दामासाहीको हिसाबले अंक दिने | | | |
| **कुल जम्मा** | | **१००** | | |

## अनुसूची — ५
## (दफा ४ को उपदफा १(ख)सँग सम्बन्धित)
## स्थानिय तह (गा.पा./न.पा./उप-न.पा/म.न.पा.) ले उपलब्ध गराउने सिफारस पत्रको नमुना

श्री कृषि विकास निर्देशनालय
रुपन्देही, ५ नं. प्रदेश

**विषयः सिफारिस सम्वन्धमा ।**

तहाँ कार्यालयको मिति ...................मा ...........................पत्रिका प्रकाशन भएको सुचना अनुसार....................................जिल्ला..............................गा.पा./न.पा./उप-न.पा/म.न.पा. .........................वडानं............. टोलमा स्थित ........................................................ उद्यमी/कृषकसमूह/कृषि सहकारीसंस्थाले ........................................................कार्यक्रम ....................................स्थानमा संञ्चालन गर्नको लागी तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुँदा उक्त कार्यक्रम/कार्यक्रम यस गा.पा./न.पा./उप-न.पा/म.न.पा.को प्राथमिकता क्षेत्रमा परेको र कार्यक्रम गर्न सिचाई सुविधा/सडक/विद्युत तथा अन्य पुर्वाधार भएकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

प्रमुख

.................

## अनुसूची — ६

## (दफा ४ को उपदफा १(ख)सँग सम्बन्धित)

## कृषि ज्ञान केन्द्रले उपलब्ध गराउने सिफारिस पत्रको नमूना

**श्री कृषि विकास निर्देशनालय**
**रुपन्देही,५ नं. प्रदेश**

**विषयः सिफारिस सम्वन्धमा ।**

तहाँ कार्यालयको मिति पत्रिका प्रकाशन भएको सुचना .......................... मा.................. .............................जिल्ला...................................अनुसारगा .पा.न.म/पा.न-उप/.पा.न/.पा. ................................................... टोलमा स्थित .............वडानं......................... उद्यमी/कृषकसमूह/कृषि सहकारीसंस्थाले कार्यक्रम.......................................................... स्थानमा संञ्चालन गर्नको लागी तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको ................................... कार/हुँदा उक्त कार्यक्रम्यक्रम प्राविधिक रुपमा उपयुक्त भएकोनभएको र अन्य व्यवस्थापकिय रुपले / । नरहेकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ/सक्षम रहेको

प्रमुख

.................

## अनुसूची — ७

### (दफा ४ को उपदफा (५)सँग सम्बन्धित)
### कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र

प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय द्वारा सञ्चालन गरिने चालु आ.व. ............ को स्विकृत ...................................... कार्यक्रम सञ्चालन गर्न ...................................... कार्यालय (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताका आधारमा छनौट भएका कृषक उद्यमी श्री / सुश्री/ श्रीमती ................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका सर्तमानहरु गरि गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता / सहमति भएको छ ।

१.पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार दुई किस्तामा / कार्यविधि अनुसार सामाग्री / रकम अनुदान स्वरुप तेश्रो पक्ष (कृषि विकास निर्देशनालय, रुपन्देही) को रोहबरमा उपलब्ध गराउने छ ।

२.दोश्रो पक्षले पहिलो पक्षबाट आवस्यक प्राविधिक प्राप्त गरि आफुले आवेदन गरे अनुसारको ........................ व्यवसाय सञ्चालन गर्नेछ ।

३.पहिलो पक्ष / कृषि विकास निर्देशनालय, रुपन्देहीले समय सापेक्ष नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन ।

४.यो सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृति प्रकोप / भवित्व्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम आफै हुनेछ ।

५.यस सम्झौतामा उल्लेख भय भन्दा अन्य व्यहोराको हकमा प्रचलित प्रदेश नं ५ को नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोश्रो पक्ष |
| कार्यालयको तर्फबाट सही गर्नेको | युवा/उद्यमी वा संघ संस्थाको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठाको छापः |
| | दाः बाः |
| | संस्थाको छापः |
| सम्पर्क / फोन नं | सम्पर्क / फोन नं |

## अनुसूची — ८
## (दफा ५सँग सम्बन्धित)

### च्याउको बीउ उत्पादन गर्ने व्यक्ति/समुह/सहकारी लाई अनुदान कार्यक्रमको प्रगती विवरण पठाउने फारमको ढाँचा

१.उद्यमी कृषकको

नामः

ठेगानाः

३. आ.व.

२.सञ्चालित व्यवसायको

नामः

ठेगानाः

४.प्रगति प्रतिवेदन अवधीः चौमासिक / वार्षिक

| क्र.सं | कार्य विवरण | इकाई | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु | समाधानका लागी सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्री मूल्यः

१.................... २..................... ३.......................

युवा उद्यमीको नामः दस्तखतः ठेगानाः

मितिः